राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३
☎:०५६-५५००१५

प.सं. ०७६।०७७
च.नं. ३६२६

मिति: २०७७।०३।११

## राप्ती नगरपालिका चितवनको शोक विज्ञप्ती

चितवन जिल्ला यस राप्ती नगरपालिका वडा नं. ११ साविक कोराक गाउँ विकास समितीमा स्थायी रुपमा बसोबास गर्दै आउनु भएका हरि गोविन्द योन्जनको छोरा **हित बहादुर तमाङ** मिति २०७४ को स्थानीय निर्वाचनमा वडा नं. ११ को वडा अध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो । उहाँ विकासको काम र सामाजिक सेवा गरि रहेको अवस्थामा अचानक विरामी भई अस्पतालमा उपचार गराइ रहनु भएको थियो । कलेजोमा देखिएको गम्भीर समस्याका कारण अस्पतालले औषधी चलाएर घर पठाए पछि आयूर्वेदिक औषधी उपचारको क्रममा मिति **२०७७।०३।१०** गते उहाँको निधन भएको छ । राप्ती नगरपालिका परिवारको एउटा सदस्य सदाको लागी गुमाउनु पर्दा अत्यन्त मर्माहत भएको छ । यस शोकको घडीमा मृत आत्माको चिरशान्तीको कामना गर्दै परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्दै यस नगरपालिका कार्यालय तथा मातहतका वडा कार्यालयहरु, विषयगत कार्यालयहरु तथा विषयगत कार्यालय अन्तर्गतका कार्यालय समेतमा आज मिति २०७७।०३।११ का दिन आधा झण्डा झुकाई क्वारेन्टाइन सेवा र इमर्जेन्सी सेवा वाहेकका सवै सेवा बन्द रहने व्यहोरा सर्व साधारण सबैमा अनुरोध छ । यस शोकको घडीमा नगरबासीमा पर्न जाने असुविधाको लागि नगरपालिका क्षमाप्राथी छ ।

प्रभा बराल पौडेल
नगर प्रमुख

**प्रभा बराल (पौडेल)**
**प्रमुख**